# आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक प्रगति प्रतिवेदन
## २०८२।१२।२६ गते

## १. पृष्ठभूमि

"संस्थागत सुशासन प्रवर्द्धनको लागि सार्वजनिक सुनुवाई"
"सार्वजनिक जवाफदेहिताको लागि सार्वजनिक सुनुवाई"

सार्वजनिक निकायले खास अवधिमा सम्पादन गरेका सार्वजनिक कार्यको सम्बन्धमा सार्वजनिक समारोह आयोजना गरी सेवाग्राही र सरोकारवालालाई जानकारी गराउने, उनीहरुका जिज्ञासा वा गुनासा सुन्ने र जिम्मेवारीपूर्वक जवाफ दिने अन्तर्क्रियात्मक कार्यलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो नागरिकको सामूहिक र प्रत्यक्ष सहभागितामा सेवा प्रवाह लगायत सार्वजनिक कार्यको समीक्षात्मक मूल्याङ्कन गर्ने जनमुखी व्यवस्थापकीय उपाय हो । सेवा प्रदायकले सार्वजनिक रुपमा सेवाग्राहीप्रति जवाफदेहिता निर्वाह गर्ने लोकतान्त्रिक पद्धतिको रुपमा सार्वजनिक सुनुवाई रहेको हुन्छ । सरोकारवाला र सार्वजनिक पदाधिकारीहरूको उपस्थितिमा सार्वजनिक स्थलमा छलफल तथा प्रश्नोत्तरको माध्यमबाट सार्वजनिक सुनुवाई गरिन्छ । सार्वजनिक सुनुवाईलाई नागरिकहरुको सूचनाको हकको प्रवर्द्धन गर्ने माध्यमको रूपमा लिइन्छ भने सार्वजनिक निकायले पारदर्शिता प्रवर्द्धन गर्ने र सुशासनको मान्यतालाई आत्मसात् गर्ने औजारको रुपमा लिने गरेको पाइन्छ ।

ताराखोला गाउँपालिकाले आ.व. २०८२/०८३ मा कार्यान्वयन गरेका नीति, कार्यक्रम तथा योजनाहरुको सम्बन्धमा नागरिक तथा सरोकारवालालाई जानकारी गराउनु भनेको ताराखोला गाउँपालिका जनताप्रति जवाफदेही हुनु हो । ताराखोला गाउँपालिकाप्रति जनतामा रहेको गुनासो र अपेक्षाहरुलाई सार्वजनिक सुनुवाईको मार्फत सम्बोधन गरी नागरिकको गुनासो, सुझाव, सल्लाह, समस्यालाई सहजीकरण गरी सार्वजनिक प्रतिबद्धता जाहेर गरेर जिम्मेवार पदाधिकारी र कार्यालयलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन ताराखोला गाउँपालिका सधैं तत्पर रहेको व्यहोरा यहाँहरु समक्ष निवेदन गर्न चाहान्छौं ।

ताराखोला गाउँपालिकाले आफुले गरेका गतिविधिहरु विभिन्न माध्यमबाट जनता समक्ष पुर्याउदै आएको छ । विगतका वर्षहरुमा पनि सार्वजनिक सुनुवाईको माध्यमबाट गाउँपालिकाको गतिविधिहरु यस कार्यक्रमको माध्यमबाट सार्वजनिक गर्ने, जनताबाट प्राप्त हुने गुनासोहरु सम्बोधन गर्ने र जनताबाट गुनासोहरु आउने प्रवृतिलाई न्यूनीकरण गर्दै जाने गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउने प्रयास हुदैं आइरहेको छ । आगामी दिनहरुमा पनि गाउँपालिकाको तर्फबाट नागरिकको सूचनाको हक संरक्षण गर्ने विषय र सार्वजनिक निकायले पारदर्शिता प्रवर्द्धन गर्ने दायित्व पूरा गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

## २. सेवा प्रभावकारितामा सार्वजनिक सुनुवाईको महत्व

क) सार्वजनिक प्रशासनमा जनमुखीपन र जवाफदेहिता प्रवर्द्धन गर्न,
ख) सार्वजनिक पदाधिकारिको स्वच्छाचारिता नियन्त्रण गर्न,
ग) सेवा प्रदायकबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्न,
घ) सेवाप्रदायकले आफूले सम्पादन गरेको कार्यको सार्वजनिकिकरण गर्न र कार्यसम्पादनमा प्रभावकारिता वृद्धि गर्न,
ङ) शासन प्रक्रिया प्रति जनताको सहभागिता र अपनत्वको भाव सुनिश्चित गर्न

च) विगतका गल्ती कमजोरीहरुको समिक्षा गरी पुनः दोहोरिन नदिन,
छ) सेवा प्रदायकलाई आफूले गरेको कार्यसम्पादनप्रति जवाफदेही बनाउन,

अब म ताराखोला गाउँपालिकामा आ.व.२०८२/८३ को दोस्रो चौमासिक सम्म भएको भौतिक तथा वित्तीय प्रगति प्रस्तुत गर्न गइरहेको छु ।

## ३. चालु आर्थिक वर्षको वित्तीय प्रगति

- कुल अनुमानः रू. ४१,२५,९८,३७०।-
- हाल सम्मको प्राप्तीः रू. ३२,७०,५२,९०५।- (७९.२६%)
- संघीय सरकारबाट प्राप्त अनुदानः रू. २०,४९,८९,४११।-
- गण्डकी प्रदेश सरकारबाट प्राप्त अनुदानः रू. ९१,६४,५००।-
- राजश्व बाँडफाँडबाट प्राप्त रकमः रू. ५,०१,३६,७९९।-
- आन्तरिक स्रोत/अल्याः रू. ६,२७,६२,१५६।-

खर्च तर्फः

- चालु खर्च - रू १३,०४,२२,०७६।- (५१.५३%) (चालु बजेट - रू २५,३१,२२,०००।-)
- पूँजीगत खर्च - रू ५,८७,६७,०४२।- (३६.८३%) (पूँजीगत बजेट - रू १५,९४,७६,३७०।-)

## ४. आन्तरिक लेखा परीक्षण शाखा

- आ.व. २०८१/०८२ को महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन प्राप्त भई आवश्यक प्रमाण पेश गर्ने कार्य भइरहेको,
- आन्तरिक लेखा परीक्षण निरन्तर भइरहेको,

## ५. जनशक्ति व्यवस्थापन

क) स्थायी सेवामाः- ३१ जना
ख) करार सेवामाः- ५८ जना
जम्माः- ८९ जना

## ६. आ.व. २०८२/०८३ को दोस्रो चौमासिक अवधिमा प्रशासन शाखाबाट भए गरेका कामकाजहरुः

- ताराखोला गाउँपालिकाबाट विभिन्न कार्यलयलाई पत्राचार, फाइल व्यवस्थापन, कर्मचारी हाजिरी जस्ता दैनिक प्रशासनिक कामकाज सञ्चालन भएको,

- ताराखोला गाउँपालिकाको कर्मचारीको हाजिरी स्थानान्तरण, सेवा पुस्तिका, पदिन्नती, अनुशासनजन्य कारबाही लगायतका कार्यहरु व्यवस्थापन भइरहेको,
- अन्य शाखा र वडा कार्यलयसँग समन्वय गरेर सेवा प्रवाहमा सहजता ल्याउन प्रयत्नशिल रहिरहेको,
- नागरिकका गुनासो तथा सुझावहरु संकलन गर्ने र विभिन्न शाखासँग समन्वय गरी समाधानका लागि प्रयास भइरहेको,
- ५८ जना करारका कर्मचारीको २०८३ असार मसान्त सम्म करार नविकरण गरी कर्मचारी व्यवस्थापन कार्यलाई स्वचालित र अनुमानयोग्य बनाईएको छ,
- अत्यावश्यक बिदा स्वीकृत गरिएको, कर्मचारीहरुलाई विभिन्न ठाउँमा तालिममा सहभागी हुन प्रबन्ध मिलाईएको,
- कर्मचारीमा सकारात्मक धारणाको विकास भई कार्य सन्तुष्टि र कार्य सम्पादनको स्तर अभिवृद्धि गर्न, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न तथा नेतृत्व विकास गर्न विभिन्न ठाँउमा तालिममा पठाईएको छ,
- कार्यपालिका बैठक, गाउँसभा तथा अन्य समिति बैठकहरुको समन्वय गरिएको छ। यो आर्थिक वर्षमा ११ वटा कार्यपालिका बैठक र हिउँदे गाँउ सभाको बैठक सम्पन्न भएका छन। कार्यपालिका बैठक तथा गाउँ सभाको कार्य सूची तयार गर्ने, बैठकको निर्णय लेख्ने, र निर्णयहरु अभिलेख राख्ने काम भएका,
- संघ तथा प्रदेश सरकार र विभिन्न मन्त्रालय तथा कार्यलयहरुमा माग भए बमोजिमका तथ्याङ्क संकलन गरी पठाईएको छ। संघीय सरकारमा समपूरक र विशेष अनुदानको मागको लागि योजना छनौट गरी पठाईएको छ भने प्रदेश सरकारमा योजना मागको लागि प्रस्ताव पठाउने कार्य अन्तिम चरणमा पुगेको छ। सो बाहेक संघीय सरकारमा अन्य योजना मागको लागि जिल्ला कार्यालय तथा मन्त्रालयहरुमा योजना माग गरिएको,
- अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत मातहतमा रही दैनिक प्रशासनिक काम काज भईरहेको छ। यसै सन्दर्भमा सङ्घीय तथा प्रदेश सरकारमा विभिन्न योजनाहरुको माग गर्ने तथा पत्राचार गर्ने कार्यहरु भइरहेका,
- आ.व. २०८२/०८३ मा अहिले सम्म विभिन्न कार्यालयबाट आएका ६१३ चिठ्ठी पत्र दर्ता भएका छन भने यस कार्यालयबाट विभिन्न कार्यालयमा ८२७ वटा चिठ्ठी पत्र चलानी भएका ।

## ७. आर्थिक वर्ष २०८२।०८३, मिति २०८२/०४/०१-२०८२/१२/२५ सम्म सङ्कलन भएको आन्तरिक राजश्व विवरण

| क्र.सं. | राजस्व शीर्षक | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | सम्पति कर | १,३८,०१८.५० | |
| २ | भूमिकर/मालपोत | ३,३७,३४१.८० | |
| ३ | वहाल कर | ७०,३९०.०० | |
| ४ | अन्य कर | १८,७००.०० | |
| ५ | अन्य सेवा शुल्क तथा बिक्री | १६,९२,६६०.०० | |
| ६ | परीक्षा शुल्क | १,७००.०० | |
| ७ | अन्य प्रशासनिक सेवा शुल्क | १,०३,८००.०० | |

| | | | |
|---|---|---|---|
| ८ | सिफारिश दस्तुर | ७,८७,५५०.०० | |
| ९ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,९४,८००.०० | |
| १० | नाता प्रमाणित दस्तुर | ६६,५००.०० | |
| ११ | अन्य दस्तुर | ३,९२,२५६.८८ | |
| १२ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,३१,०००.०० | |
| १३ | व्यवसाय कर | ५४,५३९.०० | |
| १४ | बेरूजू | ८४,६८५.०० | |
| १५ | विज्ञापन कर | १५,०००.०० | |
| **जम्मा** | | ४०,८८,९४१.१८ | |

## ८. भौतिक प्रगति विवरण

### उपभोक्ता समिति मार्फत सम्झौता भएका योजनाहरु

| वडा नं. | योजना सम्झौता सङ्ख्या | योजना अनुगमन सङ्ख्या |
|---|---|---|
| १ | १५ | ९ |
| २ | १२ | ६ |
| ३ | १९ | ९ |
| ४ | ११ | ८ |
| ५ | १५ | १२ |
| जम्मा | ७२ | ४४ |

## पूर्वाधार शाखा

| क्र. स. | योजनाको नाम | सम्झौता रकम (रू.) | खर्च रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. ४ वडा अफिस दोगाडी रानीबास पलिम फेदी देखि मंगला गाउँपालिका म्याग्दी जोड्ने पिच सडक | १,०६,८६,९६१.७३ | ८९,३६,५७४.७८ | काम अन्तिम चरणमा |
| २ | दलामचौर मोटरेबल पुल | ४२,१७,३७०.४९ | ८४,००,०००.०० | काम भइरहेको |
| ३ | शहिदमार्ग अर्गल पालिका पुवाधुनेखोला सिले रोड | ७३,७९,७३०.६९ | ४४,८५,००२.०७ | काम अन्तिम चरणमा |
| ४ | करिमेला नमुना गाउँ सडक ढलान | १३,९१,१४६.६७ | १३,८९,८०९.४५ | कार्य सम्पन्न भएको |
| ५ | लानुवाघाट कल्भर्ट निर्माण | १२,१७,२८१.७५ | ११,९५,६९१.८९ | कार्य सम्पन्न भएको |

| | | | | |
|---|---|---|---|---|
| ६ | माझखर्क दरौदी औलखोला सर्पाण्डी भातखानेडाँडा सडक निर्माण | ४१,६६,८९९.८१ | ७,३०,०००.०० | काम अन्तिम चरणमा |
| ७ | वडा नं. ५ प्रशासकीय भवन निर्माण | २,१०,५८,४६५.९८ | ७७,४०,४७६.६३ | काम भइरहेको |
| ८ | अर्गल स्वास्थ्य चौकी भवन निर्माण (बहुबर्षीय) | - | - | ठेक्का भइ सम्झौता हुने चरणमा |
| ९ | सिर्खु पाल्ले मोटरबाटो | - | - | ठेक्का भइ सम्झौता हुने चरणमा |
| १० | नौले सिर्से काम्ल्याङ मोटरबाटो, सिउरे मोटरबाटो र नौले चकाडी मोटरबाटो, मेहेले मन्दिर सिरुबारे मोटरबाटो र खरिखोला दरौदी मोटरबाटो | - | - | ठेक्का भइ सम्झौता हुने चरणमा |
| ११ | करिमेला नमुना पर्यटकीय गाउँ सडक ढलान, रानीबास करिमेला ढलान र असर्फि अर्फो मपेश खोला मेसनरी वाल तथा बाटो मर्मत | - | - | ठेक्का भइ सम्झौता हुने चरणमा |

## ९. कृषि, पशु तथा सहकारी विकास शाखा

### कृषि शाखा

- आ.व. २०८२/०८३ मा सञ्चालन हुने तपसिल बमोजिमका स्वीकृत वार्षिक कृषि विकास कार्यक्रमहरु सञ्चालनको लागि सूचना प्रकाशन गरी प्रस्तावना छनौट भएको;
  - यान्त्रिकरण कार्यक्रम
  - मौरीपालन तथा तेलहन बाली प्रवर्द्धन कार्यक्रम
  - साना सिँचाई कार्यक्रम
  - फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढिकरण कार्यक्रम
  - स्याउ,अलैंची, बोधिचित्तको विरुवा वितरण तथा नर्सरी स्थपना कार्यक्रम

- कृषक समूह गठन, परिचालन, दर्ता तथा नियमित बैठक सञ्चालन र कृषि प्राविधिकबाट उपलब्ध जैविक विषादी सहितको रोग किरा नियन्त्रणका लागि प्राविधिक सेवा प्रवाह भईरहेको,

- किसान सूचीकरण प्रणालीमा आबद्ध हुन छुटेका घरधुरीको पहिचान गरी वडामा घुम्ती टोली परिचालन गरी प्रणालीमा आबद्ध गर्ने गरी तयारी भएको,
- कृषि, पशुपन्छी तथा मत्सय अद्यावधिक कार्यक्रम अन्तर्गत छनौटमा परेको गणना क्षेत्रमा पहिलो चरणको तथ्याङ्क लिने काम समपन्न भएको,
- गाउँपालिकाको कृषि प्रोफाइल निर्माणको लागि तथ्याङ्क सङ्कलन भईरहेको।

<u>पशु शाखा</u>

- आ. व २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पशुपन्छीहरुको उपचारका लागी विनियोजित रु १० लाख बजेट मध्येबाट रु ४,९७,६९० रुपियाँको औषधी खरिद गरि प्रत्येक वडा कार्यालयमा वितरण गरिएको,
- जुनोटिक रोग तथा AMR को बारेमा जनचेतना कार्यक्रम प्रत्येक वडा कार्यालयको सभाहलमा सम्पन्न गरिएको,
- पशुपन्छी बिमा सम्बन्धि प्रचार प्रसार कार्यक्रम प्रत्येक वडा कार्यालयको सभाहलमा सम्पन्न गरिएको,
- गाई/गोरु अनुदान कार्यक्रमको प्रस्ताव छनौट प्रकृया पुरा गरि भुक्तानी हुने अवस्थामा पुगेको छ,
- ५०% अनुदानमा उन्तन जातका बोका/पाठी वितरण कार्यक्रमको प्रस्ताव छनौट प्रकृया भई सम्झौता हुने प्रकृयामा पुगेको छ,
- पशुपालन सम्बन्धी २ दिने तालिम यसै हप्ता भित्र शुरु हुने अवस्थामा छ,
- गण्डकी प्रदेश सरकार र भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय बागलुङद्धारा सञ्चालित पूर्ण खोप कार्यक्रम यस पालिकामा सम्पन्न भएको छ जसका प्रकारहरुमा,
    - गाईमा खोरेत = १६४
    - भैसीमा खोरेत = २५०८
    - भेडामा पि पि आर = ४८०
    - बाख्रामा पि पि आर = ४४५९
    - सुँगुर/बंगुरमा खोरेत = ७०
    - सुँगुर/बंगुरमा स्वाईन फिवर = ७२
    - कुकुरमा रेबिज = २५७
- यस पालिकाको पशु सेवा शाखाबाट (५ वटै वडा मिलाएर) फागुन मसान्तसम्म प्रवाह भएको विवरणहरुमा,
    - सेवा लाभग्राहि पशुपालक संख्या = ११९३
    - पशुपन्छिहरुको संख्या = १०,५३५
    - फिल्डमा गएर सेवा प्रवाह गरेको कृषकको संख्या = ३३१
    - फिल्डमा गएर सेवा प्रवाह गरेको पशुपन्छी संख्या = ८९१
- भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय बागलुङको पत्रादेश अनुसार कृषक स्तर ३ दिने बाख्रा पालन तलिमामा यस पालिकाबाट १ जना कृषकलाई पठाईएको,

➢ बाँकी अन्य कार्यक्रमहरु प्राथमिकताका आधारमा तयारी रहेको अवस्थामा छ ।

## १०.शिक्षा तथा खेलकुद शाखा

| क्र.स. | कार्यक्रमको नाम | जम्मा खर्च | उपलब्धी |
|---|---|---|---|
| १ | सशर्त अनुदान तर्फको सार्वजनिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको त्रैमासिक तलब निकाशा | रु ५,३०,९७,४५०।- | २१ विद्यालय र २१ बालविकास केन्द्रमा कार्यरत शिक्षक कर्मचारीको लागि तलब भत्ता निकाशा |
| २ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | रु १८,४५,२२०।- | २१ विद्यालय र २१ वालविकास केन्द्रमा अध्ययनरत वालविकास केन्द्रदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई खाजाको लागि अनुदान |
| ३ | सार्वजनिक विद्यालयका सहजकर्ता तथा कर्मचारीहरुको त्रैमासिक गाउँपालिकावाट थप पारिश्रमिक निकाशा | रु १६,४५,०००।- | २१ विद्यालय र २१ वालविकास केन्द्रमा कार्यरत सहजकर्ता कर्मचारीको लागि गाउँपालिकाबाट थप पारिश्रमिक निकाशा |
| ४ | नमुना विद्यालय भवन निर्माण कार्य सञ्चालन भईरहेको | | |
| ५ | स्थानीय पाठ्यपुस्तक कक्षा ६-८ लेखन कार्य शुरु भएको | | |
| ६ | स्थानीय पाठ्यपुस्तक स्थानीय मगर भाषामा अध्ययनको लागि कार्यदल गठन भई अध्ययन कार्य अगाडी बढाएको | | भाषाको प्रकार छनोट भएको |
| ७ | मगर भाषामा कक्षा १ को पाठ्यपुस्तक लेखन | | शुरुवात भएको |

## ११. स्वास्थ्य शाखा

➢ खोप कार्यक्रम अन्तर्गत पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप (HPV) ६ कक्षामा अध्ययनरत ५५ जनालाई खोप दिईएको,

➢ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सेवा (IMNCI) अन्तर्गत २ महिना मूनिका बालबालिका जम्मा बिरामी ४ जना र २ देखि ५ महिनाका बालबालिका ६२५ जनालाई सेवा दिईएको,

- पोषण कार्यक्रम अन्तर्गत पहिलो पटक ० देखि ११ महिनाका बालबालिका ३९ जना बालबालिका तथा १२ देखि २३ महिनाका ६ जना बालबालिकाको तौल लिईएको ।सोहीअनुरुप १ देखि ११ महिनाका बालबालिकाको ३८८ पटक तथा १२ देखि २३ महिनाका बालबालिका ४५८ पटक दोहोर्याएर तौल जाँच गरिएको,
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत ६५७१ विरामीलाई सेवा प्रदान गरिएको, मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत २० वर्ष मूनि ७ जनाको र २० वर्ष माथिको ३९ जना पहिलो पटक गर्भवती जाँच भएको तथा स्वास्थ्य संस्थामा २९ जना प्रसुति भएको र घरमा गई ३८ जना सुत्केरीलाई चार पटक भेटिएको,
- परिवार योजना कार्यक्रम अन्तर्गत ८१ जनालाई परिवार योजना सेवा दिइएको,
- प्रजनन स्वास्थ्य रुग्णता सेवा अन्तर्गत १४५ जनाको पाठेघरको मुखको क्यान्सरको जाँच गरिएको
- गाउँघर क्लिनिक कार्यक्रम (PHC-ORC) मा २१२७ जनालाई सेवा प्रदान गरिएको,
- क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत ३ जना बिरामीको उपचार गरिएको,
- नसर्ने रोग तथा मानसिक रोग अन्तर्गतः

| बिरामीहरू | स्वास्थ्य संस्थामा गएर सेवा लिनुभएका बिरामी | गाउँपालिकाले चलाएको अभियानबाट सेवा लिनुभएका बिरामी |
|---|---|---|
| उच्च रक्तचाप | १७१ | १४४ |
| मधुमेह | ३८ | २५ |
| दम | १२ | |
| मृगौला | - | १३ |
| मोटोपना | - | २४८ |

- मनोपरामर्श कर्ता नियुक्ती गरिएको,
- समुदाय स्तरमा नसर्ने रोगको स्क्रिनिङ गरिएको ।

## १२. महिला बालबालिका शाखा

- ताराखोला गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत आ.ब.२०८२/०८३ मा लैगिक हिंसा बिरूद्धको १६ दिने अभियान अन्तर्गत माध्यमिक बिद्यालयस्तर सडक नाटक प्रतियोगिता आयोजाना गरियो । जसमा ४ वटा विद्यालयका ४० जना बिद्यार्थिको सहभागिता रहेको थियो।
- ताराखोला गाउँपालिकाबाट नियमित रूपमा बितरण हुने अपाङ्गता परिचय पत्र आ.व.२०८२/०८३ मा ८ वटा वितरण गरियो।
- बाल अधिकार संरक्षण तथा सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकिकृत कार्यविधि २०८२ पारित गरियो।

## १३. पञ्जिकरण शाखा

व्यक्तिगत घटना दर्ता विवरण

- जन्म – ७५
- मृत्यु – ३४
- सम्बन्ध विच्छेद – ८
- विवाह – ४९
- बसाइसारी आएको –शुन्य
- बसाईसरी गएको –५९
- जम्मा – १७४

## १४.रोजगार सेवा केन्द्र

- हिउदे अधिवेशनबाट थप गरिएको ३ वटा योजनासंग जम्मा १९ वटा योजना रहेका छन । जसमा १६ वटा पूर्वाधार निर्माणका आयोजना सम्पन्न भएर पनि भुक्तानी कार्य समेत सम्पन्न भएको छ ।
- ३ वटा योजना सम्झौता हुन बाँकी रहेको छ। यसलाई पनि तत्कालै सम्झौता तथा कार्यान्वयनको चरणमा रहेका छौं ।
- आ.व २०८३।०८४ को लागि बेरोजगार व्यक्तिलाई दर्ता तथा सूचिकरण गर्नको लागि सुचाना जारी गरिएको छ ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई श्रम स्वीकृतिमा सहजिकरण ३५ जनालाई गरिएको छ ।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका परिवारका सन्ततीलाई वैदेशिक रोजगार वोर्डको सचिवालयबाट उपलब्ध हुने छात्तावृत्तिको लागि आवश्यक कागजात ४ विध्यार्थिको अप्लाई गरिएको छ ।
- वैदेशिक रोजगारीमा गएका व्यक्तिको परिवारलाई जघन्य रोग लागेको अवस्थामा पारिवारिक स्वास्थ्य उपचारको लागि १ जनाको पहल गरिएको छ ।

## १५. लघुउद्यम शाखा

- एउटा लघु उद्यमी समुह दर्ता भएको ।
- उद्यमीहरु लाइ प्रदर्शिनि मेला मा सहभागि गराईएको ।
- खाद्य उद्योग स्थापनाका लागी कार्यविधि तयार भएको ।
- नयाँ उद्यमी सिर्जनाका लागि आवश्यक सर्वेक्षण गरी सहभागि छनौट गरिएको ।
- पुराना उद्यमी समुहको माग सँकलन गरी कार्य प्रक्रियामा रहेको ।
- जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि सुचना प्रवाह गरि कार्य प्रक्रियामा रहेको ।
- वडास्तरीय कोशेली घर व्यवस्थापन भईरहेको ।

## १६.नागरिक आरोग्य सेवा केन्द्र

- जम्मा बिरामी सेवाग्राही संख्या ९६३ जना
- पूर्वकर्म (स्नेहन, स्वेदन) सेवाग्राही संख्या ६४ जना
- स्तनपायी आमा (६ महिना भन्दा मूनिका बच्चाको आमा) लाई स्तन्यदुग्धबर्धक औषधी वितरण सेवाग्राही संख्या २४ जना
- जेष्ठ नागरिकलाई विविध प्रकारका औषधी वितरण सेवाग्राही संख्या ८३ जना

## १७. न्यायिक समिति

- दर्ता भएको विवाद संख्या १
- मेलमिलाप भएको विवाद संख्या १
- मेलमिलापकर्ता संख्या २० जना

## १८. सेवा प्रवाहमा भएका असल अभ्यास तथा सुधारहरू

- योजना पुस्तिका छपाई गरि वडा वडामा गई योजना सम्झौता गर्ने, प्रशिक्षण दिने कार्य भईरहेको,
- नियमित ANC/PNC भिजिट गरी घर घरमा स्वास्थ्य सुविधा उपलब्ध गराईएको
- सूचना देखि अधिकांश ठेक्कामा ई-बिडिङको प्रयोग गरिएको
- अनौपचारिक क्षेत्रका ५६ श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्ध गरिएको र थपको लागि सूचना आवहान गरिएको

**अन्त्यमा,**

यो प्रतिवेदन तयार पार्नका लागि यथार्थ विवरण उपलब्ध गराउँने शाखा प्रमुख र प्रतिवेदन तयारीमा सहयोग गर्ने प्रशासकीय भाई धन्यवादको पात्र हुनुहुन्छ।

साथै राज्यका काम कारवाही लोकतान्त्रिक पद्धती अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचनल गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, ताराखोला गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यविधि, २०७९ बमोजिम यो प्रतिवेदन सार्वजनिक गरेको निवेदन गर्न चाहन्छु ।

**धन्यवाद !!**

बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत